# नवदुर्गा सामुदायिक वन उपभोक्ता समूह

कावासोती न.पा. -, कावासोती, नवलपरासी (ब.सु.पू.)

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको विस्तृत सूचना

*(सौर्य दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०४।१४)*

०८३।०४।१५

अध्यक्ष
टंक प्रसाद काफ्ले

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/०८३ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित गरि राखेको निम्न परिमाणको गोलिया काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका, वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत/अद्यावधिक भएका प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपुर तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**तपसिलः**

**१. लिलाम बिक्रि हुने वन पैदावारको विवरणः**

| सि.नं. | लट नं. | पाइल नं. | प्रजाति | ग्रेड | किसिम | थान | परिमाण (घ.फि.) | न्यूनतम मुल्य (प्रति एकाइ रु) | मुल्याङ्कन रकम रु | संकलन खर्च रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 1-083/084 | १ | साल | ए | गोलिया | २६ | ४०१.३१ | १२५० | ५०१६३८ | प्रति क्यू.फिट रु १३६.४।- थप लाग्नेछ | पुनरुत्पादन कटान |
| | | | साल | वी | गोलिया | ३५ | ३६२.५६ | ९०० | ३२६३०४ | | |
| | | | साल | सी | गोलिया | ३७ | १५१.९ | ६०० | ९११४० | | |
| | | | साल | डी | गोलिया | २ | ३.५५ | ३०० | १०६५ | | |
| | | | जम्मा | | | १०० | ९१९.३२ | | ९२०१४७ | | |
| २ | 2-083/084 | २ | साल | ए | गोलिया | १२ | १८९.२४ | १२५० | २३६५५० | प्रति क्यू.फिट रु १३६.४।- थप लाग्नेछ | पुनरुत्पादन कटान |
| | | | साल | वी | गोलिया | १८ | १६३.३४ | ९०० | १४७००६ | | |
| | | | साल | सी | गोलिया | ७० | २६२.९७ | ६०० | १५७७८२ | | |
| | | | जम्मा | | | १०० | ६१५.५५ | | ५४१३३८ | | |
| ३ | 3-083/084 | ३ | साल | ए | गोलिया | ४ | ५२.६३ | १२५० | ६५७८८ | प्रति क्यू.फिट रु १३६.४।- थप लाग्नेछ | पुनरुत्पादन कटान |
| | | | साल | वी | गोलिया | ११ | १५६.१९ | ९०० | १४०५७१ | | |
| | | | साल | सी | गोलिया | ३० | १०२.५३ | ६०० | ६१५१८ | | |
| | | | साल | डी | गोलिया | ३ | ४.२६ | ३०० | १२७८ | | |
| | | | जम्मा | | | ४८ | ३१५.६१ | | २६९१५५ | | |
| ४ | 4-083/084 | ४ | साल | ए | गोलिया | १० | १५२.०८ | १२५० | १९०१०० | प्रति क्यू.फिट रु १३६.४।- थप लाग्नेछ | पुनरुत्पादन कटान |
| | | | साल | वी | गोलिया | ३१ | २८०.५१ | ९०० | २५२४५९ | | |
| | | | साल | सी | गोलिया | ५६ | १८८.५८ | ६०० | ११३१४८ | | |
| | | | साल | डी | गोलिया | ३ | ३.८२ | ३०० | ११४६ | | |
| | | | जम्मा | | | १०० | ६२४.९९ | | ५५६८५३ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | 5-083/084 | ५ | साल | ए | गोलिया | १७ | ३७४.०७ | १२५० | ४६७५८८ | प्रति क्यू.फिट रु १३६.४।- थप लाग्नेछ | पुनरुत्पादन कटान |
| | | | साल | वी | गोलिया | २५ | २३७.११ | ९०० | २१३३९९ | | |
| | | | साल | सी | गोलिया | ६० | २५५.८९ | ६०० | १५३५३४ | | |
| | | | साल | डी | गोलिया | ३ | ५.३५ | ३०० | १६०५ | | |
| | | | जम्मा | | | १०५ | ८७२.४२ | | ८३६१२६ | | |
| कुल जम्मा | | | | | | ४५३ | ३३४७.८९ | | | | |

**2. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः**

क. बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८३।५।०३ गते, कार्यालय समय सम्म ।

ख. बोलपत्र दाखिला गर्ने अन्तिम मिति :२०८३।५।०४ गते, कार्यालय समय सम्म ।

ग. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

3. बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको **राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कावासोती शाखामा रहेको यस समूहको खाता नं. ३२००१००००१५०५००१** मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा तयार गरिएमो कम्तिमा छ महिना अवधिको बैक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

4. बोलपत्रको लागि प्रति लट रु.१,०००।–(पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपुरबाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

5. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

6. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

7. लिलाम प्रक्रियामा भाग लिन इच्छुक उद्योगले प्रोपाइटरहरुको नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ अनिवार्य पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ ।

8. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।५।५ गते दिनको ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

9. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

10. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

11. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।